# बाली प्रजनन् तथा अनुवंशविज्ञान समाज, नेपाल
# (प्लान्ट ब्रिडिङ्ग एण्ड जेनेटिक्स सोसाईटी अफ नेपाल)
# Plant Breeding and Genetics Society of Nepal
# को विधान

२०७४

# बाली प्रजनन् तथा अनुवंशविज्ञान समाज, नेपाल
# (प्लान्ट ब्रिडिङ्ग एण्ड जेनेटिक्स सोसाईटी अफ नेपाल)
# Plant Breeding and Genetics Society of Nepal
# को
# विधान- २०७४

प्रस्ताबना:- नेपालको अर्थतन्त्रमा कृषि र बनको प्रमुख भुमिका भएकोले वैज्ञानिक पद्धतिबाट बाली विकास गरी कृषिलाई बढी उत्पादनशील बनाई कृषकहरुको जीवनस्तर उकास्ने बाली अनुसन्धान कार्यमा सकृयरुपले संलग्न बालि प्रजननकताहरुको पेशागत हक, हित र उत्थानको लागि सूसंगठित हुन कुनै किसिमको राजनैतिक उदेश्य नभएको बिशुद्ध रुपको पेशागत संगठनको आवश्यकता परेकोले संघ संस्था दर्ता ऐन, २०३४ बमोजिम प्लान्ट बिडिङ एण्ड जेनेटिक्स सोसाईटी अफ नेपाल (Plant Breeding and Genetics Society of Nepal) को विधान बनाइएको छ।

## परिच्छेदः- १
## प्रारम्भिक

### १. संस्थाको नाम:-

यस संस्थाको नाम प्लान्ट ब्रिडिङ्ग एण्ड जेनेटिक्स सोसाईटी अफ नेपाल (Plant Breeding and Genetics Society of Nepal) रहनेछ। छोटकरीमा नेपालीमा "पिबाग्सन र अग्रेजीमा "PBaGSoN" रहनेछ ।

क) **संस्थाको कार्यालय रहने ठेगाना:** यस संस्थाको मुख्य कार्यालय ललितपुर जिल्ला, ललितपुर महानगरपालीका वडा नं. १५, कृषि वनस्पति महाशाखा, खुमलटारमा रहनेछ र स्थानीय अधिकारीको स्वीकृति लिई अन्य जिल्लामा पनि शाखा कार्यालयहरु खोल्न सकिनेछ ।

ख) **संस्थाको कार्यक्षेत्र:** यस प्लान्ट बिडिङ्ग एण्ड जेनेटिक्स सोसाईटी अफ नेपाल (Plant Breeding and Genetics Society of Nepal) सस्थाको कार्यक्षेत्र ललितपुर जिल्लामा हुनेछ। आवश्यकता अनुसार सम्बन्धित जिल्लाको स्थानिय अधिकारीको स्वीकृति लिई नेपाल राज्यका अन्य जिल्ला तथा क्षेत्रमा समेत कार्य क्षेत्र विस्तार गर्न सकिनेछ।

ग) **प्रारम्भ:-** यो विधान संस्था दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ।

घ) **संस्थाको अस्तित्व**:-यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित स्वशासित, गैर-नाफामुलक, गैर- राजनीतिक तथा गैर-सरकारी सामाजिक संस्था हुनेछ। संस्थाबाट आफ्नो उद्देश्य बाहेकका अन्य कार्य गरिने छैन।

संस्थाले व्यक्ति सरह नालिस उजुरी गर्ने वा संस्थालाई व्यक्ति सरह नालिस उजुरी लाग्ने छ। संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्ने, उपभोग गर्ने वा संस्थाको चल अचल सम्पति बिक्रि गर्नु पुर्व स्थानीय अधिकारीको स्वीकृति लिने छ।

२. **परिभाषा:-** विषय वा प्रसङ्ग ले अर्को अर्थ नलागेमा यस विधानमा:

क. "विधान" भन्नाले प्लान्ट ब्रिडिङ्ग एण्ड जेनेटिक्स सोसाइटी अफ नेपाल (Plant Breeding and Genetics Society of Nepal) को विधानलाई सम्झनुपर्छ।

ख. "संस्था" भन्नाले प्लान्ट ब्रिडिङ्ग एण्ड जेनेटिक्स सोसाइटी अफ नेपाल (Plant Breeding and Genetics Society of Nepal) लाई जनाउँदछ।

ग. "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्यसमितिलाई जनाउँदछ।

घ. "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ।

ङ. "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ।

च. "नियम", "विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम, विनियमलाई जनाउँदछ।

छ. "कोष" भन्नाले यस संस्थाको कोषलाई सम्झनु पदर्छ।

ज. "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ।

झ. "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम, विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

ञ. "स्थानीय निकाय" भन्नाले महानगर, उप-महानगर, नगरपालिका र गाँउपालिकालाई जनाउनेछ।

ट. "अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्य" भन्नाले यस संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई जनाउँछ।

ठ. "ऐन" भन्नाले संस्था दर्ता ऐन, २०३४ लाई जनाउँछ।

३. **संस्थाको छाप र चिन्ह :-** प्रचलित व्यवस्थाको प्रतिकुल नहुनेगरी संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ। संस्थाको छाप र चिन्ह अनुसुचि १ बमोजिमको ढाँचामा हुनेछ। तर संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासंग मेल खाएमा संशोधनको प्रक्रियाद्धारा तुरुन्त संशोधन गरिनेछ।

## परिच्छेद-२
## उद्देश्य

४. **संस्थाको उदेश्य:-** प्रचलित कानुनको अधिनमा रही संस्थाको उद्देश्य तपशिल बमोजिम हुनेछ।

क. यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर नाफा मुलक, गैर राजनीतिक तथा सरकारी विशुध्द सामाजिक संस्था हुनेछ।

ख. नेपाल सरकारको कृषि तथा वन नीति अनुरुप बाली तथा बोट विरुवाहरुको बाली प्रजनन् तथा विकास कार्यलाई दिगो र प्रभावकारी ढंगबाट अनुसन्धान एवं विकास कार्यमा सहयोग पुर्याउने ।

ग. नेपाल सरकारको वाली विकास, बीउ, बोट विरुवा उत्पादन एवं गुणस्तर नियन्त्रण, जर्मप्लाजम संरक्षण, सम्बर्द्धन, उपयोग, बायोसेफ्टी जैविक प्रविधि आदि सम्बन्धि कार्यमा सहयोग गर्ने।

घ. देशमा विद्यमान बाली विकास, जैविक प्रविधि अनुसन्धान तथा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गराउने प्रविधिको खोज, जैविक विविधताको संरक्षण सम्बर्द्धन आदि बारे कार्यशाला गोष्ठी, सेमिनार सम्मेलन तालिम संचालन गर्ने चेतनामुलक अभियान आदि संचालन गर्ने ।

ङ. समय समयमा साइन्टिफिक जर्नल, प्रोसिडिङ्ग र कुषकहरु तथा जनसाधारणलाई उपयोगी अनुसन्धान कृतिहरुको संगालो प्रकाशन गर्ने ।

च. विभिन्न स्वदेशी संघ संस्था वा व्यक्तित्लाई आवश्यकता अनुसार परामर्श सेवा उपलब्ध गराउने ।

छ. यस संस्थाको उद्देश्यसँग मेल खाने विभिन्न राष्ट्रिय एवं गैर सरकारी संघ, संस्थाहरु एवं व्यक्तिहरुसंग समन्वय तथा बोट बिरुवा सम्बन्धि अनुसन्धान तथा विकास सम्बन्धि कार्यमा सहयोग पुर्याउने।

**५. संस्थाको उदेश्य प्राप्त गर्न गरिने कामहरु:-** यस संस्थाको माथि उल्लेखित उद्देश्यहरु प्राप्त गर्न संस्थाले देहायका कार्यहरु गर्नेछ।

क. संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरेर मात्र आफ्नो उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

ख. संस्थालाई आवश्यक पर्ने घर-जग्गा खरिद गर्ने, भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिन सक्नेछ र कम्प्युटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान, प्रयोगशालामा आवश्यक बस्तु तथा सवारी साधन आदि खरिद गर्ने सक्नेछ वा भाडामा लिई प्रयोग गर्न सक्नेछ ।

ग. संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाको शर्तहरु निर्धारण गर्न सक्नेछ ।

घ. संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरि बैंक खाता संचालन गर्नेछ ।

ङ. अन्य आवश्यक कुराहरु:- यस संस्थाले आफ्नो नामबाट चल अचल सम्पत्ति प्राप्त गर्ने बेचविखन गर्न सक्ने छ । साथै संस्थाले आफ्नो नामबाट व्यक्ति सरह नालिश उजुर गर्न तथा संस्था उपर पनि सोही नामबाट नासिरा उजुर लाग्न सक्नेछ ।

च. संस्थाले सरकारी, गैर सरकारी वा निजि क्षेत्रसंग सम्झौता गरी आफ्नो उदेश्य अनुरुपको काम गर्न सक्नेछ ।

**प्रतिवद्वता :-** यस संस्थाको क्रियाकलापले नेपाल राष्ट्र तथा कुनै विदेशी राष्ट्र, अन्तराष्ट्रिय संघ, सस्था उर्व संगठनको सम्बन्धमा प्रतिकूल असर पार्ने वा नेपालको परराष्ट्र नीतिको बर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने कुनै काम कुरा नगर्ने प्रतिवद्धता व्यक्त गर्दछौ ।

## परिच्छेद ३
## सदस्यता

**६. सदस्यहरुको वर्गीकरण:-** यस संस्थाका देहाय बमोजिम ५ (पाँच) प्रकारका सदस्यहरुको वर्गिकरण गरिएको छ ।

**क. साधारण सदस्य:**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेका कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा संस्थाको सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

**ख. संस्थापक सदस्यः**

यस संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु र सदस्यहरु संस्थापक सदस्य हुनेछन् । सम्पुर्ण संस्थापक सदस्यहरुले साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

**ग. आजीवन सदस्यः**

संस्थाको विकासको लागि विशेष सहयोग तथा योगदान पुर्याने यस विधानको दफा ७ बमोजिक योग्यता पुगेका व्यक्तिहरुलाई तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गरिनेछ ।

**घ. संस्थागत सदस्यः**

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेका व्यक्तिहरु सम्मिलित बाली प्रजनन र विकास, बिउ र बिरुवा उत्पादन तथा बिक्री बितरण सम्बन्धि काम गर्ने नेपाल सरकारले तोकेको कम्पनी तथा संघ संस्था दर्ता ऐन बमोजिम दर्ता भएका र प्रकृया अनुसार हरेक वर्ष नविकरण भएका कम्पनी, संघ संस्थाहरुले तोकिएको प्रक्रिया अन्तर्गत रही आवेदन गरेमा संस्थागतको सदस्यता प्राप्त गर्ने कम्पनी तथा संघ संस्थाहरु साधारण सदस्य हुनेछन्। एक संस्था बराबर एक मताधिकार हुनेछ ।

**ङ. मानार्थ सदस्य**

उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई संस्थाको मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

**७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता:-** यस संस्थाको सदस्य हुनको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

क. नेपाली नागरिक भएको ।

ख. १८ वर्ष उमेर पुरा गरेको ।

ग. मानसिक सन्तुलन नगुमाएको ।

घ. सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको र

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नपाएको ।

च. कृषि तथा वन अनुसन्धान, अध्यापन कार्यमा संलग्न वाली प्रजनन् र विकासकर्ता साथै विनियम ७ दफा ६ मा उल्लेखित न्यूनतम उपाधि मध्ये कुनै एसिय एक हासिल गरेका तथा यस संस्थाको उदेश्य अनुरुप काम गर्ने व्यक्ति, बैज्ञानिक, अनुसन्धानकर्ताहरु र संघ सस्थाहरुले अनुसूची (१) को फर्म भरी शुल्क बुझाएर साधारण सदस्यता प्राप्त गर्न सक्नेछन्। यस्ता सदस्यहरुले यो सोसाइटिले दिने सबै सुविधाहरु उपभोग गर्न पाउने छन् ।

छ. कृषि तथा बन सम्वन्धि विषयमा वाली प्रजनन र बिकास (plant Breeding/crop improvement), बालीको प्रतिकुल अवस्था सम्वन्धी अध्ययन अनुसन्धान (Resistance Breeding/ Stress Tolerance), वीउ प्रविधि (Seed Technology), वाली तथा बोट विरुवाको आनुवंशिक श्रोत अध्ययन अनुसन्धान (Genetics/ Plant Genetics/ Germplasm Conservation), जैविक प्रविधि (Biotechnology-Ag), Statistics (Ag) विषयमा स्नातक वा स्नातकोत्तर उपाधि प्राप्त व्यक्ति संस्थाको साधारण सदस्य बन्न सक्नेछ ।

ज. माथि उल्लेखित शैक्षिक उपाधि बाहेक अन्य उपाधि प्राप्त गरी बाली विकास अनुसन्धान तथा अध्ययापन कार्यमा संलग्न व्वक्तिले सदस्यता प्राप्तिको लागि तोकिएको फर्म भरी अनुरोध गरेमा त्यस्ता व्यक्तिहरुलाई सदस्यता दिने वारेमा कार्यकारिणी समितिले निर्णय गरेर सदस्यता दिन सक्नेछ ।

८. **संस्थाको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था:-** देहायका अवस्थामा कुनै व्यक्तिले यस संस्थाको सदस्यताको सदस्यपद प्राप्त गर्न सक्नेछैन ।

क. गैर नेपाली नागरिक ।

ख. १८ वर्ष उमेर पुरा नगरेको ।

ग. मगज बिग्रेको वा बौलाएको ।

घ. सार्वजनिक सम्पती हिनामिना गरेको ठहरेको ।

ङ. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

च. सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको ।

छ. साहूको दामासाहीमा परेको ।

ज. कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्र ।

झ. प्लान्ट ब्रिडिङ्ग एण्ड जेनेटिक्स सोसाइटी अफ नेपालको सदस्यताका लागि योग्यता नपुगेको ।

## ९. सदस्यताको समाप्तिः

**१. देहायको अबस्थामा कुनै व्यक्ति संस्थाको सदस्यमा वहाल रहने छैन :**

क. यस विधानको दफा ८ बमोजिम सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

ख. साधारण सभाको ७५ प्रतिशत सदस्यहरुको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

ग. सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ. संस्थाको काम कारवाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा ।

ङ. यस विधान बमोजिम संस्थाले गर्न नहुने, भनी तोकिएको कुनै कार्य गरेमा ।

च. सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

छ. संस्था विघटन भई खारेज भएमा ।

ज. कुनै व्यक्ति संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाबाट निजलाई सो कुराको सुचना दिई, सफाईको सबुत पेश गर्ने मौका दिइनेछ।

**१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधिः-** यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**१. साधारण सदस्य**

क. साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्ति प्रवेश शुल्क बापत रु ५०० (पाँच सय) र बार्षिक शुल्क बापत रु ५०० (पांच सय) गरि रु. १,००० (एक हजार) बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गर्नेलाई कार्यसमितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

ख. त्यस्ता साधारण सदस्यले वार्षिक नविकरण शुल्क बापत रु. ५०० (पाँच सय) बुझाउनु पर्नेछ ।

ग. साधारण सदस्ता प्राप्त गर्ने सदस्यले प्रत्येक वर्षको भाद्र मसान्त भित्र नविकरण गराइ सक्नु पर्ने र त्यसपछिको हकमा कार्यसमितिको निर्णय अनुसार तोकिए बमोजिकको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ ।

**२. संस्थापक सदस्यः**

क. यो संस्था दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारिहरु र सदस्यहरु संस्थापक सदस्य हुनेछन् ।

ख. संस्थापक सदस्यहरुले विधानमा उल्लेख भए बमोजिकको शुल्क बुझाई साधारण सदस्य वा आजीवन सदस्य प्राप्त गर्न सक्नेछन् ।

**३. आजीवन सदस्यः**

संस्थामा एक मुष्ट रु ५,००० (पांच हजार) युझाई तोकिएको प्रक्या अनुसार आवेदन दिने व्यक्तिहरुलाई कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सक्नेछ ।

तर साधारण र आजीवन सदस्यता प्राप्त गर्न इच्छुक व्यक्तिले तोकिएको विषयमा अध्ययन पुरा भएको कागज प्रमाण र संस्थाले तिकेको अन्य कागजातहरु सहित सदस्यताका लागि सचिव समक्ष निवेदन पेश गर्नुपर्ने छ र सचिवले अध्यक्ष समक्ष सिफारिस गर्नेछन् । अध्यक्षले सदस्यता प्रदान गर्नु भन्दा अगाबै कार्यसमितिको बैठकसमक्ष पेश गर्नु पर्नेछ र कार्यसमितिले अनुमोदन गरेपश्चात मात्र अध्यक्षले सदस्यता प्रदान गर्नेछन् ।

**४. संस्थागत सदस्यः**

क. साधारण सदस्य प्राप्त गर्न चाहने कम्पनी संघ संस्थाले प्रवेश शुल्क बापत रु. ५,००० (पांच हजार) र वार्षिक शुल्क वापत रु. ५,००० (पाँच हजार) गरि रु. १०,००० (दस हजार) बुझाई तोकिएको प्रकृया अनुसार आवेदन पेश गर्नेलाई कार्यसमितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

ख. त्यस्ता संस्थागत सदस्यले वार्षिक नविकरण शुल्क बापत रु. ५,००० (पाँच हजार) बुझाउनु पर्नेछ ।

ग. संस्थागत सदस्यता प्राप्त गर्ने कम्पनि, संघ, संस्थाले प्रत्येक वर्षको भाद्र मसान्त भित्र नविकरण गराइसक्नु पर्नेछ र त्यसपछिको हकमा कार्यसमितिको निर्णय अनुसार तोकिए बमोजिमको थप दस्तुर बुझाई नविकरण गर्न सक्नेछ ।

**५. मानार्थ सदस्यः**- साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ठ व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्ने छ, तर मानार्थ सदस्यको मताधिकार रहने छैन ।

६. कुनै आवेदकलाई सदस्यता नदिने निर्णय गरेमा सोको कारण सहितको जानकारी आवेदकलाई दिईने छ ।

७. सबै सदस्यहरुले यस विधान र विधान अन्तर्गत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नु पर्नेछ ।

८. संस्थाले प्रदान गरेको उपदफा १, २, ३ र ४ अनुसारको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहनेछ ।

## परिच्छेद-४
## साधारणसभा, कार्यसमिति तथा बैठक सम्बन्धी व्यवस्था

### ११. साधारणसभाको गठनः

१. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरुबाट संस्थाको साधारणसभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् । साधारणसभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

२. यस संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछ ।

क. **वार्षिक साधारणसभा:-** वर्षको एक पटक वार्षिक साधारणसभा बस्नेछ ।

ख. **विशेष साधारणसभा**:- संस्थाको कुल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारणसभा माग गरेमा कार्यसमितिले कम्तीमा ७ (सात) दिनभित्र विशेष साधारण सभा अनिवार्य रुपमा बोलाउनु पर्नेछ । तर साधारण वा विशेषसभा बसेको छ महिना भित्र पुनः विशेष साधारणसभा बस्न सक्ने छैन।

३. यस संस्थाको प्रथम वार्षिक साधारणसभा संस्था स्थापना भएको आ. व. समाप्त भएको मितिले २ (दुई) महिना भित्रमा गरिने छ र त्यसपछिका वार्षिक साधारणसभाहरु साधारणतया आर्थिक वर्ष समाप्त भएको मितिले २ (दुई) महिना भित्र गरिनेछ ।

४. यस संस्थाको वार्षिक साधरणसभा गर्नको लागी कम्तीमा १५ दिन अगावै र विशेष साधारणसभा गर्नको लागी कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, समय,

मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिईनेछ।

५. उपदफा ४ बमोजिम बोलाईएको साधारणसभा वा विशेष साधारणसभामा विधानको दफा १८ बमोजिमको गण पुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिइ पुनः साधारणसभा बोलाईने छ।

६. साधारणसभा र विशेष साधारणसभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ।

**१२. साधारणसभाको काम कर्तव्य र अधिकार :-** साधारणसभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. कार्यसमितिले पेश गरेको योजना कार्यक्रमहरु र बार्षिक बजेट पारित गर्ने।

ख. लेखा परीक्षकबाट प्राप्त भएको वार्षिक लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित वेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछर्यौट गर्नको लागि कार्यसमितिलाई निर्देशन दिने।

ग. आगामी वर्षकोलागि लेखा परीक्षकको नियुक्ति गर्ने।

घ. संस्थाको वार्षिक कार्यप्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मुल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने।

ङ. संस्थाको कार्यसमितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्यसमितिका पदाधिकारीहरुको विधान बमोजिको प्रकृया अन्तर्गत रही निर्वाचन गर्ने।

च. कार्यसमितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने।

छ. मानार्थ सदस्यता प्रदान गर्ने।

ज. कार्यसमितिबाट संस्थाको हित अनुकुल भएका काम कारवाहीहरुको, औचित्य हेरी अनुमोदन गर्ने ।

झ. संस्थाको आफ्नै आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरुको दरवन्दी, पारिश्रमिक, भत्ता, तथा अन्य सुविधाहरुमा आवश्यकता अनुरुप स्वीकृति प्रदान गर्ने ।

ञ. कार्यसमितिका पदाधिकारीहरुले गरेको काम कारवाहीप्रति चित्त नबुझ्ने सदस्यले दिएको उजुरी वा अन्य कामको विवरण उपर छलफल गरी टुंगो लगाउने ।

ट. कार्यसमितिले गर्न नसकेको निर्णयहरुको आवश्यकतानुसार निर्णय गर्ने ।

ठ. उल्लेखित बाहेक साधारणसभाले संस्थाको कार्यक्रम, कार्यविधि र गतिविधिलाई आवश्यकतानुसार समीक्षा गरी नयाँ कार्यक्रम तथा गतिविधिहरु तर्फ लाग्न निर्देशन दिन सक्नेछ ।

## १३. कार्यसमितिको गठनः

१. साधारणसभाका सदस्यहरुबाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ९ (नौ) सदस्यको एक कार्यसमिति गठन गरिनेछ ।

| | | |
|---|---|---|
| १. | अध्यक्ष | १ |
| २. | उपाध्यक्ष | १ |
| ३. | सचिव | १ |
| ४. | कोषाध्यक्ष | १ |
| ५. | सदस्यहरु | १ |
| ६. | सदस्यहरु | १ |
| ७. | सदस्यहरु | १ |
| ८. | सदस्यहरु | १ |
| ९. | सदस्यहरु | १ |

२. कार्यसमितिको कार्यकाल ३ (तिन) वर्षको हुनेछ ।

३. वार्षिक साधारणसभा हुनु भन्दा अगावै कार्यसमितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिकालागि कार्यसमितिका सदस्यको मनोनयन कार्यसमितिद्वारा गर्न सकिनेछ । यसरी सो पदमा निर्वाचन भएको सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्यको बाँकी कार्यकाल सम्मका लागिमात्र हुनेछ । तर, अन्य पदहरुको लागि विधान बमोजिम बाँकी अवधिको निम्ति निर्वाचन प्रकृयाकद्धारा पद पूर्ति गरिनेछ।

४. कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउने छ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१ प्रतिशतले बैठक बोलाउन माग गरेमा अध्यक्षको निर्देशनमा सचिवले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. कार्यसमितिका पदाधिकारीहरुको कुल संख्याको ५१ प्रतिशत पदाधिकारीहरु उपस्थित नभई कार्यसमितिको बैठक बस्ने छैन ।

६. कार्यसमितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित भएका जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

७. कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

८. कार्यसमितिको बैठकमा छलफल भएका विषयहरुको छुट्टै निर्णय किताब (माइन्युट) मा लेखि राखिने छ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुले सहि गर्नु पर्नेछ। तर, निर्णयमा असहमति जनाउनेहरुले कैफियत खोली सही गर्नु पर्नेछ ।

९. संस्थाले गर्ने भनेको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

१०. कार्यसिमितिले आवश्यक ठानेमा नेपाल राज्यभर कुनै क्षेत्र वा जिल्लामा यस संस्थाको शाखा राख्न सक्नेछ।

**१४. कार्यसमितिको काम, कर्तव्य र अधिकार:-** कार्यसमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

१. संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारणसभामा प्रस्तुत गर्ने।

२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारणसभाको निर्णय कार्यन्वयन, गर्ने गराउने।

३. संस्थाको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने।

४. साधारणसभा प्रति उत्तरदायी रहने।

५. संस्थाको उद्देश्य प्राप्तिका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने।

६. संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, श्रोत जुटाउने, कार्यान्वयन सुपरिवेक्षण र अनुगमन गर्ने।

७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने।

८. संस्थालाई आवश्यक कर्मचारी नियुक्ति गर्ने, कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारणसभाबाट स्वीकृत गराई लागु गर्ने गराउने।

९. संस्थाको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा आवश्यकता अनुसार सल्लाहकार समिति, अन्य समिति, उपसमिति गठन गर्ने र आवश्यकता अनुरुप कार्यको बाँडफाँड गरिदिने।

१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

११. नयाँ सदस्यता प्रदान गर्ने सम्बन्धी निर्णय लिने ।

**१५. पद त्याग गर्न सक्ने:-** अध्यनले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पदत्याग गर्न सक्नेछन् ।

**१६. अन्य उप-समितिहरु :-**

१. यस विधानको परिधि भित्र रहेर संस्थाको कार्यसञ्चालनको लागि कार्यसमितिले आवश्यकता अनुसार सल्लाहाकार समिति लगायत अन्य समिति वा उपसमितिहरु गठन गर्न सक्नेछ । यसरी गठन गरिने समितिको नेतृत्व कार्यकारी सदस्य मध्येबाट नै गराइनेछ ।

२. उपसमितिहरुको कार्यहरु कार्यसमितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद - ५

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

**१७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार:-** कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. अध्यक्षको काम कर्त्तव्य र अधिकार :-

क. समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

ख. निर्णायक मत दिने ।

ग. संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने, वा प्रतिनिधि तोक्ने ।

घ. संस्थाको नेतृत्व लिने ।

ङ. आवश्यकताअनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।

च. अन्य पदाधिकारी एवं सदस्यहरुलाई कामको बाँडफाँड गर्ने ।

छ. अभिलेख प्रमाणित गर्ने ।

२. उपाध्यक्षको काम कर्त्तव्य र अधिकार :-

क. अध्यक्षलाई सहयोग गर्ने ।

ख. अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग. अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

३. सचिवको काम कर्तव्य र अधिकार :-

क. संस्थाको सचिवालयको रेखदेख र सञ्चालन गर्ने ।

ख. अध्यक्षको निर्देशन अनुसार बैठक, सभा बोलाउने ।

ग. अभिलेख सुरक्षित राख्ने ।

घ. विभिन्न निकायहरु बाट प्राप्त अनुदान सहयोग बापत प्राप्त रकम ।

ङ. अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

च. सस्थाको दैनिक कार्य संचालनको दायित्व सचिवको हुनेछ ।

४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:-

क. संस्थाको कोषको रेखदेख र संचालन गर्ने ।

ख. साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

ग. लेखा दुरुस्त राख्ने ।

घ. नियमितरुपमा वार्षिक नेखापरिक्षण गराउने ।

५. सदस्यहरुको काम कर्तव्य र अधिकार:-

क. समितिको बैठकमा सक्रिय सहभागिता जनाउने ।

ख. संस्थाको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

ग. कार्यसमितिद्वारा सुम्पिएको जिम्मेवारी पुरा गर्ने ।

## १८. गणपुरक संख्या:-

१. जुन सदस्य संख्याको ६७ प्रतिशत प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारणसभाको काम कारवाही हुनेछैन् ।

२. तर, विधानको दफा ११ को ५ मा उल्लेख भए बमोजिम पुन: बोलाइएको साधारणसभामा उपस्थित संख्या लाई नै गणपुरक संख्या मानी सभा गर्न बाधा पर्ने छैन ।

# परिच्छेद: ६
# आर्थिक व्यवस्था

## १९. संस्थाको कोष:-

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ र यो कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन ।

क. सदस्यता बापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख. कसैले स्वेच्छाले दिएको अनुदान सहायता बापत प्राप्त रकम ।

ग. सस्थाको चल अचल सम्पत्ति वा अन्य बस्तुको विक्रीवाट प्राप्त रकम ।

घ. प्रचलित कानुन बमोजिम नेपाल सरकारको स्वीकृति लिई स्वदेशी तथा विदेशी संस्था व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग बापत प्राप्त रकम ।

ङ. विभिन्न निकायहरुबाट प्राप्त अनुदान सहयोग ।

२. बैदेशिक सहयोग लिनु पुर्व नेपाल सरकारको स्वीकृति लिईनेछ ।

३. विदेशी संघसस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिदा संस्थाले नेपाल समाज कल्याण परिषद बाट स्वीकृत लिने छ ।

४. संस्थामा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता संचालन गरिनेछ ।

**२०. खाता संचालनः-** संस्थाको बैंक खाता अध्यक्ष र सचिव मध्ये कुनै एक र कोषाध्यक्षको (अनिवार्य) संयुक्त दस्तखतबाट संचालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

**२१. कोषको रकम खर्च गर्ने तरिकाः-** संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको खर्च गरिनेछ ।

क. संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट रकम खर्च गरिने छैन ।

ख. साधारणसभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग. कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन कोषाध्यक्ष मार्फत साधारणसभामा अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

घ. कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

**२२. संस्थाको लेखा र लेखा परिक्षणः-**

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजमको स्पष्ट तवरले राखिनेछ ।

२. संस्थाको लेखा परिक्षण प्रचलित कानुन बमोजिमको रजिष्टर्ड लेखापरिक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेका जुनसुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई संस्थाको हिसाव किताव जांच गर्न गराउन सक्नेछ ।

४. लेखा परिक्षकको नियुक्ति साधारणसभावाट हुनेछ । तर प्रथम वार्षिक साधारणसभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ ।

५. संस्थाका लेखापरिक्षण प्रतिवेदन र वार्षिक कार्यप्रगति विवरणको १ र १ प्रति स्थानीय अधिकारी, समाज कल्याण परिषद सम्बन्धित निकायमा पेश गरिनेछ।

## परिच्छेद-७

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

### २३. निर्वाचन सम्बन्धी व्यवस्था:-

१. कार्यसमितिको निर्वाचनको प्रयोजनको लागि बढीमा तीन (३) जनाको एक निर्वाचन समिति कार्यसमितिको निर्णयद्वारा गठन गरिनेछ ।

२. निर्वाचन समितिले प्रचलित कानुनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

३. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गर्नेछ र यसको निर्णय नै अन्तिम हुनेछ ।

४. निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वतः विघटन हुनेछ ।

**२४. उम्मेदवार हुने योग्यता :-** कार्यसमितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

१. मानसिक सन्तुलन नगुमाएको ।

२. सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको ।

३. नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय नभएको ।

४. संस्थाको सदस्यता प्राप्त गरेको कम्तिमा छ (६) महिना व्यतित भईसकेको हुनु पर्नेछ। तर संस्थाको कुनै पनि कर्मचारी उम्मेदवार हुन पाउने छैन ।

## २५. अविश्वासको प्रस्तावः-

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्न सकिनेछ ।

क. नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनु पर्छ ।

ख. प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्छ ।

ग. साधारणसभाका सदस्यहरु मध्येबाट १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

२. उपदफा (१) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारणसभा वा विशेष साधारणसभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाको साधारणसभाको सम्पुर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (४) बमोजिम साधारणसभा वा विशेष साधारणसभा बस्ने सूचना दिइने छ ।

३. अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया

क. साधारणसभामा अध्यक्षता गर्ने व्यक्तिले साधारणसभामा उपदफा १ बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारणसहितको आफ्नो अभिमत सभासमक्ष प्रस्तुत गर्नेछ ।

ख. उपदफा ३ (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

ग. उपदफा (१) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्ने अनुमति दिइनेछ ।

४. <u>अविश्वासको प्रस्ताव माथि निर्णय :-</u>

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

क. अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समुहमा र विपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छुट्याएर वा

ख. साधारणसभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारणसभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा आरोपित पदाधिकारी तथा सदस्य पदमुक्त हुनेछ ।

३. निर्वाचित भएको छ (६) महिना नपुगी वा प्रस्ताव विफल भएको छ (६) महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

**२६. <u>विधान संशोधनः-</u>** कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारणसभा सदस्यहरुले अनुमोदन गरे पश्चातमात्र संस्थाको विधानको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिश गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भएपश्चात मात्र संस्थाको विधानको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

## २७. नियम बनाउन सक्ने :-

१. संस्थाले आफनो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारणसभाबाट पारित गराई लागु हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

२. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्यसञ्चालन र उद्देश्य कार्यान्वयनको लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागु गर्नसक्नेछ । त्यस्ता विनियमहरु साधारणसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

## २८. कर्मचारीको व्यवस्था :-

क. संस्थाको दैनिक कार्यसञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

ख. संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको सञ्चालन गर्ने कार्यक्रममा स्वयंसेवक राख्ने अवस्था भएमा निजको कार्य गर्ने अबधि, पुर्याउने सेवा, कामको औचित्य सुविधा र निजको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषदमा समेत जानकारी गराउनु पर्नेछ ।

## २९. संस्था खारेजी:-

१. साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पेशगरि कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारणसभा सदस्यहरुले अनुमोदन गरी संस्था खारेजी गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम संस्थाको खारेजीको प्रस्ताव पारित गर्दा साधारणसभाले खारेजीको कामको लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परिक्षक नियुक्त गर्न सक्नेछ ।

३. उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर र लेखा परिक्षकहरुको पारिश्रमिक साधारणसभाले तोकिदिए बमोजिम हुनेछ।

४. यसरी कारणवस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेया नेपाल सरकारको हुनेछ।

**३०. व्याख्या:-** यो विधान र विधान अन्तरगत बनेको नियम विनियमको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ।

**३१. गोप्यता भंग गर्न नहुने:-** यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गर्नु हुदैन। कार्यसमितिका पदाधिकारी वा साधारणसभाका सदस्यहरुले बैठक वा साधारणसभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन।

**३२. ऐन अनुसार हुने:-** यस विधानमा उल्लेख नभएका कुराहरु कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानून सँग बाझिन गएमा बाझिएको हद सम्म स्वतः निष्कृय हुनेछन्।

**३३. निर्देशनको पालना :-** नेपालको सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ।

**३४. तदर्थ समिति:-**

१. यो संस्था स्थापना गरी दर्ता गराउनुको लागि गठित तदर्थ समितिले छ (६) महिना भित्र साधारणसभा बोलाई विधान अनुसार निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सो को जानकारी स्थानीय अधिकारीलाई दिइने छ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा तदर्थसमितिले गरेका काम कारवाहीहरु यसै विधान सरह भएको मानिनेछ।

**३५.** हामी प्लान्ट ब्रिदिंग एण्ड जेनेटिक्स सोसाईटी अफ नेपाल (Plant Breeding and Genetics Society of Nepal) संस्थाका निम्न संस्थापकहरु यस बमोजिम कार्य गर्न मञ्जुर भै निम्न साक्षीको रोहबरमा विधानमा सहिछाप गर्दछौं।

| संस्थापकको नाम, थर, ठेगाना | साक्षीको नाम, थर, ठेगाना |
|---|---|
| हस्ताक्षर<br>नाम थर: श्री विमल कुमार बानिया<br>ठेगाना: महालक्ष्मी न. पा. वार्ड नं. २ इमाडोल, ललितपुर हाल: महालक्ष्मी म.पा वार्ड नं. २ इमाडोल, ललितपुर | हस्ताक्षर<br>नाम थर: सुरेश कुमार राई<br>ठेगाना: ईटहरी- १, सुनसरी<br>हाल: ललितपुर म.पा. बार्ड न.१५ खुमलटार, ललितपुर |
| हस्ताक्षर<br>नाम थर: श्री रेशम वाबु अमागाई<br>ठेगाना: बूंकोट, ८ (शहिद लखन ८) गोरखा<br>हाल: ललितपुर म.पा. बार्ड न.१५ खुमलटार, ललितपुर | हस्ताक्षर<br>नाम थर: श्री सुमित्रा पन्थ<br>ठेगानाः पोखरी भन्ज्याङ ६, तनहुँ<br>हालः ललितपुर म. पा. बार्ड नं.१५, खुमलटार, ललितपुर |
| हस्ताक्षर<br>नाम थर: श्री हरि बहादुर के.सी<br>ठेगाना: जिता गा.बि.स. वार्ड नं. ५, लमजुङ्ग (मध्यनेपाल नगरपालिका, वार्ड नं. १, जिता, लमजुङ्ग)<br>हाल: ललितपुर म.पा. वार्ड नं.१५ खुमलटार, ललितपुर | हस्ताक्षर<br>नाम थर: श्री शारदा थापा<br>ठेगानाः मिरलुंग ५, तनहुँ<br>हालः ललितपुर म.पा. वार्ड नं.१५ खुमलटार, ललितपुर |
| हस्ताक्षर<br>नाम थर: श्री हरि कृष्ण उप्रेती<br>ठेगाना: फलांटे ७, पिपलटार, काभ्रे<br>हालः ललितपुर म.पा. वार्ड नं.१५ खुमलटार, ललितपुर | हस्ताक्षर<br>नाम थर: श्री देवका उप्रेती<br>ठेगानाः फलांटे ७, पिपलटार, काभ्रे<br>हालः ललितपुर म. पा. वार्ड नं.१५ खुमलटार, ललितपुर |
| हस्ताक्षर<br>नाम थर: श्री उमा शंकर शाह<br>ठेगाना: गोनरपुरा २, महोत्तरी<br>हाल: ललितपुर म पा. वार्ड नं.१५ खुमलटार, ललितपुर | हस्ताक्षर<br>नाम थर: श्री अन्जु शाह<br>ठेगानाः गोनपुरा २, महोत्तरी<br>हालः ललितपुर म.पा. वार्ड नं.१५ खुमलटार, ललितपुर |
| हस्ताक्षर<br>नाम थर: श्री बाल कृष्ण जोशी<br>ठेगाना: समि भन्ज्याङ ८ (मध्यनेपाल नगरपालिका, वार्ड न ५) लमजुङ्ग<br>हालः ललितपुर म पा. वार्ड न. २९ हरिसिद्धि, ललितपुर | हस्ताक्षर<br>नाम थरः सालिक राम गुप्ता<br>ठेगाना: बीरपुर- ५, कपिलवस्तु<br>हाल: ललितपुर म.पा वार्ड नं.१५ खुमलटार, ललितपुर |
| हस्ताक्षर<br>नाम थर: श्री पल्तवी कुमारी सिंह<br>ठेगानाः गौशाला-१, महोत्तरी<br>हाल: ललितपुर म.पा. वार्ड नं.१५, खुमलटार, ललितपुर | हस्ताक्षर<br>नाम थर: रमेश आचार्य<br>ठेगाना: स्याम्पाती-२, काभ्रेपलान्चोक<br>हालः ललितपुर म.पा. वार्ड नं १५ खुमलटार, ललितपुर |

# अनुसूचि १

## संस्थाको छाप र चिन्हको विवरणः

### संस्थाको छाप र चिन्हको विवरण आकार, प्रकार एवं अन्य विवरण:-

यस संस्थाको छाप अर्धगोलाकारमा लेखिएको Plant Breeding and Genetics Society of Nepal को पिबाग्सन, त्यसको ठिक मुनि Double Helix DNA र तल PBaGSON हुनेछ ।

# अनुसुचि २

## प्लान्ट ब्रिडिङ्ग एण्ड जेनेटिक्स सोसाइटी अफ नेपाल (Plant Breeding and Genetics Society of Nepal) को सदस्यता प्राप्त गर्दा भर्नु पर्ने फाराम ।

म/यस कम्पनि, संघ संस्था प्लान्ट ब्रिडिङ्ग एण्ड जेनेटिक्स सोसाइटी अफ नेपाल ( Plant Breeding and Genetics Society of Nepal) को विधान अनुसार सदस्य (क) साधारण सदस्य (प्रवेस दस्तुर रु........ ।- र वार्षिक दस्तुर रु....... ।) (ख) आजीवन सदस्य (प्रबेस दस्तुर रु...... ।- र आजीवन दस्तुर (रु......... ।-) बन्न इच्छुक छु/छ । सो सदस्यताको लागि आवश्यक व्यक्तिगत/कम्पनि संघ संस्था विवरण, CV/Professional Qualification, Work Experience, संस्थाको बिधान र प्रमाणपत्र, सहित शुल्क रु........ ।- यो निबेदनसाथ संलग्न गरी पेश गरेको छु । यस संस्थाको सदा सर्वदा हित हुने कार्यमा लाग्ने प्रण गर्दछु ।

संलग्न कागजातहरुः

निवेदक

दस्तखत

नाम :

मितिः

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ललितपुर

## संस्था दर्ता प्रमाण-पत्र

स.द.नं. : ४६८८

ललितपुर जिल्ला ललितपुर महानगरपालिका न.पा./गा.वि.स. वडा नं. १५ स्थित

श्री बाली प्रजनन तथा अनुवंश विज्ञान समाज, नेपाल नामक संस्था सम्वत् २०६६

साल श्रावण ३० गते रोज ५ मा संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता गरी

यो प्रमाण-पत्र दिइएको छ ।

प्रचलित ऐन कानुन, नियम कार्यविधि निर्देशिकाको परिपालना हुनेगरी काम गर्ने गरी अनावद्ध हुनेगरी २०६६-४-३० को प्र.जि.अ. स्तरको निर्णय अनुसार प्रमाण पत्र दिइएको।

२०६६/०४/३०

प्रशासकीय अधिकृत

# समाज कल्याण परिषद

पत्र संख्या २०७६/०७७

च.नं. १६४

केन्द्रीय कार्यालय
पुल्चोक
ललितपुर, नेपाल

(समन्वय शाखा) २०४९ Social Welfare Council

मिति :२०७६।५।१

**आवद्धता नं. ५०५३२**

श्री वाली प्रजनन् तथा अनुवंश विज्ञान समाज नेपाल
ललितपुर ।

विषय : आवद्ध गरिएको बारे ।

परिषद्को मिति **२०७६।०५।१** को निर्णयानुसार **वाली प्रजनन् तथा अनुवंश विज्ञान समाज नेपाल, ललितपुर** लाई समाज कल्याण ऐन २०४९ को दफा (१३) बमोजिम परिषद्मा आवद्ध गरी प्रमाणपत्र उपलब्ध गराइएको व्यहोरा जानकारी गराउछु । समाज कल्याण ऐन, २०४९ समाज कल्याण नियमावली, २०४९ संघ संस्था आवद्धता सम्बन्धि निर्देशिका २०७१ बमोजिम त्यस संस्थाको विधानमा तपसिल बमोजिम् संशोधन गर्नुपर्ने हुंदा ६ महिना भित्रमा नियमानुसार संशोधन गरी जिल्ला प्रशासन कार्यालयको स्विकृती सहित परिषद्मा पेश गर्नु हुन जानकारी गराइन्छ । परिषद्को आवद्धता पछि संस्थाले हरेक आर्थिक वर्षमा जिल्ला प्रशासन कार्यालयमा नविकरण गरि सोको प्रतिलिपी तथा वार्षिक प्रगति प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन, र वार्षिक साधारण सभाको प्रतिलिपी अनिवार्यरुपमा परिषद्मा पेश गर्नु हुन निर्देशानुसार अनुरोध गरिन्छ । आगामी दिनमा परिषद् र संस्था बीच पारस्परिक सहयोग अभिवृद्धि हुने विश्वास लिएको छु ।

**तपशिल**

१) दफा (४) मा संस्थाको उद्देश्य समाज कल्याण ऐन २०४९ बमोजिम समाजका असक्त,असहाय र विपन्न वर्गलाई सेवा पुर्‍याउने र तिनिहरुलाई आर्थिक रुपले सक्षम बनाउने जस्ता सामाजिक कियाकलाप झल्किने उद्देश्यहरु थप गर्ने ।

२) साधारणसभाको पहिले बोलाइएको वैठकमा गणपुरक संख्या नपुगी वैठक बस्न नसकेमा पुन बोलाइएको वैठकमा कुल सदस्य संख्याको ५१ प्रतिशत अनिवार्य उपस्थित हुनु पर्ने प्रावधान राख्ने ।

२०७६।५।१
भुमी खड्का
सहायक निर्देशक

**बोधार्थ:**

१) श्री जिल्ला प्रशासन कार्यालय,
ललितपुर ।

२) श्री जिल्ला समन्वय समिति,
ललितपुर ।

*नोटः संस्थाको लेटर प्याडमा परिषद्को आवद्धता नंम्बर उल्लेख गर्नु हुन अनुरोध छ ।*

पोष्ट बक्स: २९४८, काठमाडौं, फ्याक्स +९७७-०१-५५५५७७८,
टेलिफोन नं.: ०१-५५५५४४८, ५५५५४९४, ५५५५४९५, इमेल: info@swc.org.np, Website: www.swc.org.np

# समाज कल्याण परिषद

भृकुटीमण्डप, काठमाडौं, नेपाल
२०४९

आबद्धता नं. ५०५३२

## आबद्धताको प्रमाण-पत्र

वाली प्रजनन् तथा अनुवंश विज्ञान समाज नेपाल, ललितपुर लाई

समाज कल्याण ऐन, २०४९ को दफा १३ बमोजिम २०७६ साल भदौ महिना १ गते

आबद्धताको प्रमाण-पत्र प्रदान गरिएको छ।

# Social Welfare Council

Bhrikutimandap, Kathmandu, Nepal
1992

Affiliation No.: 50532

## CERTIFICATE OF AFFILIATION

This certificate of Affiliation has been issued to

**Plant Breeding and Genetics Society of Nepal, Lalitpur**

on **2019/08/18** pursuant to section 13 of the Social Welfare Act, 1992.

समाज कल्याण परिषद
२०४९
Social Welfare Council

**Sanjay Kumar Mallik**
**Deputy Director**

Falgun 2080
Feb 2024